# तपाईंले पहिलो पटक रकम प्राप्त गर्दा

तपाईंले हामीसँग भुक्तानी दावा गर्दा पनि तपाईं तुरुन्तै रकम प्राप्त नगर्न सक्नुहुन्छ ।

तपाईंले पर्खिनु पर्ने समयलाई प्रतिक्षा अवधि भनिन्छ । तपाईंको अवस्था र तपाईंले दावा गरिरहनु भएको भुक्तानीको आधारमा
तपाईंको प्रतिक्षा अवधि फरक हुनसक्छ ।

तपाईं अष्ट्रेलियाली स्थाही शरणार्थी वा मानवीय सहायता भिसामा अष्ट्रेलिया आउनु भएको हो भने तपाईंले रकम प्राप्त गर्न पर्खनु पर्दैन । तपाईं तुरुन्तै रकम प्राप्त गर्न सक्नुहुन्छ ।

Family Tax Benefit, Child Care Subsidy, Additional Child Care Subsidy, Parental Leave Pay, Dad and Partner Pay र Double Orphan Pension जस्ता पारिवारिक भुक्तानीमा प्रतिक्षा अवधि लागू हुँदैन । तपाईं तुरुन्तै रकम प्राप्त गर्न सक्नुहुन्छ । तपाईंले निश्चित मापदण्डहरू भन्ने पूरा गर्नुपर्छ ।

## तपाईं भर्खरै अष्ट्रेलिया आइपुग्नु भएको अवस्थामा लागू हुने प्रतिक्षा अवधि

तपाईं अष्ट्रेलिया बस्ने गरी भर्खरै यहाँ आउनु भएको हो भने तपाईंले हामीले उपलब्ध गराउने प्रायजसो भुक्तानी तथा सुविधाहरू प्राप्त गर्न 104 हप्ता कुर्नुपर्छ । यो अवधिलाई newly arrived resident's waiting period भनिन्छ ।

यसका लागि तपाईंले अनिवार्य रूपले अष्ट्रेलियाली स्थाही भिसाको लागि आवेदन दिएर भिसा प्राप्त गरेको हुनुपर्छ । यो प्रतिक्षा अवधि सामन्यतया तपाईंको स्थाही बासिन्दा भिसा सुरु भएको मितिबाट सुरु हुन्छ, न कि तपाईं अष्ट्रेलिया आई पुगेको मितिबाट ।

तपाईं अष्ट्रेलियासँग सामाजिक सुरक्षा सम्झौता गरेको देशमा बसिसक्नु भएको छ भने, तपाईं निम्न कुराको लागि योग्य हुन यो सम्झौताको प्रयोग गर्न सक्नुहुन्छ:

- Age Pension
- Disability Support Pension, वा
- Carer Payment

अष्ट्रेलिया र तपाईंको देशबीच यस्तो सम्झौता भएको छ वा छैन भन्ने कुरा थाह पाउन **humanservices.gov.au/issa** मा जानुहोस् ।

**तपाईंले किन पर्खिनु नपर्ने हुनसक्छ**

निम्न अवस्थामा तपाईंले पर्खिनु नपर्ने हुनसक्छ:

- तपाईं अष्ट्रेलियाली नागरिक हुनुहुन्छ
- तपाईंसँग निश्चित भिसा उपवर्ग छ, वा
- तपाईं कुनै शरणार्थी वा मानवीय सहायता प्राप्त गर्ने अाप्रवासीको परिवारको सदस्य हुनुहुन्छ ।

## एक हप्ते प्रतिक्षा अवधि

तपाईं निम्न भुक्तानी दावा गरिरहनु भएको छ भने तपाईंले एक हप्ता कुर्नु पर्ने हुनसक्छ:

- Newstart Allowance
- Parenting Payment
- Youth Allowance, वा
- Sickness Allowance।

यसलाई ordinary waiting period भनिन्छ ।

**तपाईंले किन पर्खिनु नपर्ने हुनसक्छ**

निम्न अवस्थामा तपाईंले पर्खिनु नपर्ने हुनसक्छ:

- तपाईंले हामीबाट भुक्तानी वा Department of Veterans' Affairs Service Pension प्राप्त गरेको 13 हप्ताभित्र पुन:दावा गरेमा, वा
- तपाईंलाई काम पाउन नदिने खालमा महत्वपूर्ण बाधाहरू छन् भनी पहिचान भएको छ भने

तपाईं विगत चार हप्तामा भएको व्यक्तिगत संकटको कारणले सृजित जटिल आर्थिक समस्यामा हुनुहुन्छ भने हामी यो प्रतिक्षा अवधि हटाउन सक्छौं । तपाईंले यसको प्रमाण पेश गर्नुपर्ने हुनसक्छ ।

## तपाईंसँग बचत वा अन्य रकम भएको अवस्थामा प्रतिक्षा अवधि

तपाईं वा तपाईंको जीवनसाथीसँग निश्चित सीमाभन्दा बढी बचत वा अन्य रकम छ भने तपाईंले आफ्नो भुक्तानी प्राप्त गर्न कुर्नु पर्ने हुनसक्छ । यो रमकमा तपाईंको रोजगारदाताले दिनुपर्ने रकम पनि समावेश गर्छ । तपाईंले आफ्नो दावा पेश गर्दा हामी तपाईंले कति समय कुर्नु पर्छ भन्ने कुरा बताउने छौं ।

यो अवधिलाई liquid assets waiting period भनिन्छ । तपाईंसँग निम्न रकम बराबरको वा सोभन्दा बढीको कोष छ भने यो नियम लागू हुन्छ:

- तपाईं कुनै आश्रित नभएको एकल व्यक्ति हुनुहुन्छ भने $5 500 वा

- तपाईंसँग जीवनसाथी वा आश्रित बालाबलिका छन् भने $11 000 ।

यो निम्न भुक्तानीमा लागू हुन्छ:

- Newstart Allowance
- Sickness Allowance
- Youth Allowance, र
- Austudy.

**तपाईंले किन पर्खिनु नपर्ने हुनसक्छ**

निम्न अवस्थामा तपाईंले पर्खिनु नपर्ने हुनसक्छ:

- तपाईं वा तपाईंको जीवनसाथीले विगत 12 महिनामा यो प्रतिक्षा अवधि पूरा गरी सक्नुभएको छ भने
- तपाईं 14 दिनभित्र एउटा भुक्तानीबाट अर्को भुक्तानीमा स्थान्तरण गर्नुहुन्छ भने
- अर्को भुक्तानी प्राप्त गरेपछि तपाईं Newstart Allowance को लागि योग्य हुनु भयो भने
- तपाईं:
  - पुनर्स्थापना केन्द्रमा हुनुहुन्छ भने
  - आफ्नो jobactive प्रदायकसँग Stream C क्रियाकलाप गरिरहनु भएको छ भने वा
  - Community Development Programme को भागको रूपमा कुनै क्रियाकलाप गरिरहनु भएको छ भने ।

रोक्न नसकिने वा उचित खर्चको कारणले सृजित जटिल आर्थिक समस्यामा हुनुहुन्छ भने हामी यो प्रतिक्षा अवधि हटाउन सक्छौं । तपाईंले यसको प्रमाण पेश गर्नुपर्ने हुनसक्छ ।

## तपाईंले काम सक्दा एकमुस्ट भुक्तानी प्राप्त गर्दाको अवस्थामा प्रतिक्षा अवधि

तपाईंको रोजगारदाताले तपाईंले जागिर छोड्दा बिरामी विदा, वार्षिक विदा वा बर्खास्ती जस्ता कुरावापत तपाईंलाई एकमुस्ट भुक्तानी दिएको अवस्थामा तपाईंले हामीले उपलब्ध गराउने रकम प्राप्त गर्न कुर्नुपर्छ । यसलाई income maintenance period भनिन्छ ।

तपाईंले कति प्रतिक्षा गर्नु पर्छ भन्ने कुरा काम छोड्दा तपाईं वा तपाईंको जीवनसाथीले प्राप्त गरेको रकममा भर पर्छ ।

यो निम्न भुक्तानीमा लागू हुन्छ:

- Austudy
- Disability Support Pension, तपाईं स्थाही रूपमा दृष्टिहीन भएको अवस्थामा बाहेक
- Newstart Allowance
- Parenting Payment

- Sickness Allowance
- Widow Allowance
- Youth Allowance (other)

**तपाईंले किन पर्खिनु नपर्ने हुनसक्छ**

तपाईं जटिल आर्थिक समस्यामा हुनुहुन्छ भने हामी यो प्रतिक्षा अवधि घटाउन वा हटाउन सक्छौं । तपाईंले आफ्नो रोजगारदाताबाट प्राप्त गरेको आफ्नो अन्तिम भुक्तानी रोक्न नसकिने वा उचित खर्चको भुक्तानी दिन प्रयोग गरिसक्नु भएकाले यसो भएको हो । तपाईंले यसको प्रमाण पेश गर्नुपर्ने हुनसक्छ ।

## तपाईंले भर्खरै मौसमी वा करारमा काम सक्नुभएको अवस्थामा लागू हुने प्रतिक्षा अवधि

तपाईं वा तपाईंको जीवन साथीले दावा गर्नुभन्दा छ महिना अगाडि मौसमी, करार वा अनिरन्तर काम गर्नु भएको छ भने तपाईंले हामीले उपलब्ध गराउने रकम प्राप्त गर्न कुर्नु पर्ने हुनसक्छ । तपाईंले कति प्रतिक्षा गर्नु पर्छ भन्ने कुरा तपाईंले कमाएको रकम र तपाईंले काम गरेको अवधिमा भर पर्छ ।

यो अवधिलाई seasonal work preclusion period भनिन्छ । यो निम्न भुक्तानीमा लागू हुन्छ:

- Austudy
- Carer Payment
- Disability Support Pension, तपाईं स्थाही रूपमा दृष्टिहीन भएको अवस्थामा बाहेक
- Newstart Allowance
- Parenting Payment
- Partner Allowance
- Sickness Allowance
- तपाईं मनोनित भिसा भएको व्यक्ति हुनुहुन्छ भने Special Benefit
- Widow Allowance
- Youth Allowance।

मौसमी, करार वा अनिरन्तर कामको उदाहरणहरू:

- फलफूल टिप्ने काम
- बाली थन्काउने काम
- ऊन कात्ने काम
- माछा मार्ने काम
- पारमर्शसम्बन्धी काम, र
- निर्माण स्थलमा गरिने काम ।

**तपाईंले किन पर्खिनु नपर्ने हुनसक्छ**

निम्न अवस्थामा तपाईंले पर्खिनु नपर्ने हुनसक्छ:

- तपाईंसँग 12 महिनाभन्दा बढी चल्ने काम छ भने
- तपाईंसँग आफूले बिदा वापत तलव पाएको मौसमी बाहेकको काम छ भने
- तपाईं पुनर्स्थापना केन्द्रमा हुनुहुन्छ भने
- तपाईं आफ्नो jobactive प्रदायकसँग Stream C क्रियाकलाप गरिरहनु भएको छ भने वा
- तपाईं Community Development Programme को भागको रूपमा कुनै क्रियाकलाप गरिरहनु भएको छ भने ।

तपाईं जटिल आर्थिक समस्यामा हुनुहुन्छ भने हामी यो प्रतिक्षा अवधि हटाउन सक्छौं ।

## जानीजानी काम छोड्दा वा आचरणको कारणले कामबाट हटाइँदाको अवस्थामा प्रतिक्षा अवधि

तपाईंले जानीजानी काम छोड्नु भयो वा आचरणको कारणले आफ्नो रोजगारी गुमाउनु भयो भने तपाईंले हामीबाट भुक्तानी प्राप्त गर्न आठ हप्ता वा 12 हप्ता कुर्नु पर्ने हुनसक्छ ।  यसलाई unemployment non-payment period ।

## तपाईंले हालसालै ठाउँ परिवर्तन गरेको र सो परिवर्तनले तपाईंको काम पाउने सम्भावनालाई कम गरेको अवस्थामा प्रतिक्षा अवधि

भुक्तानी दावा गर्नुभन्दा छ महिना अगाडि तपाईंले ठाउँ परिवर्तन गर्नु भएको र सो परिवर्तनले काम भेट्ने सम्भावना कम गरेको छ भने तपाईंले 26 हप्ता कुर्नु पर्ने हुनसक्छ ।

रोजगारीको moving to an area of lower employment prospects non-payment period निम्न भत्तामा लागू हुन्छ:

- Newstart Allowance
- Youth Allowance (other), र
- तपाईं मनोनित भिसा भएको व्यक्ति हुनुहुन्छ भने Special Benefit

हामी तपाईंको पुरानो र हालको ठेगानाका निम्न कुराहरू लगायतका तत्वहरूको तुलना गर्छौं:

- श्रम बजारको आकार, र
- बेरोजगारी दर

## तपाईंले क्षतिपूर्ति रकम प्राप्त गरेको अवस्थामा प्रतिक्षा अवधि

तपाईंले एकमुस्ट क्षतिपूर्ति प्राप्त गर्नु भएको छ भने तपाईंले Centrelink भुक्तानी प्राप्त गर्न कुर्नुपर्ने हुनसक्छ । यो अवधिलाई compensation preclusion period भनिन्छ । यो हाम्रा प्रायजसो भुक्तानीमा लागू हुन्छ ।

तपाईंले कति प्रतिक्षा गर्नुपर्छ भन्ने कुरा तपाईंले प्राप्त गरेको क्षतिपूर्ति रकममा भर पर्छ ।

## थप जानकारीको लागि

- अंग्रेजीमा अधिक जानकारीको लागि **humanservices.gov.au** मा जानुहोस् र 'waiting periods' खोज्नुहोस्
- आफ्नो भाषामा सूचना पढ्न, सुन्न वा भिडियो हेर्न **humanservices.gov.au/yourlanguage** मा जानुहोस्
- Centrelink भुक्तानी तथा सेवाको बारेमा आफ्नो भाषामा हामीसँग बात मार्न **131 202** मा टेलिफोन गर्नुहोस्
- Translating and Interpreting Service (TIS National) को टेलिफोन **131 450** मा टेलिफोन गरेर Medicare र Child Support भुक्तानी तथा सेवाहरूको बारेमा हामीसँग आफ्नो भाषामा बात मार्नुहोस्
- सेवा केन्द्रको भ्रमण गर्नुहोस् ।

टिपोट: अष्ट्रेलियको तपाईंको घरको टेलिफोनबाट '13' मा टेलिफोन गर्न निश्चित शुल्क लाग्छ । यो दर स्थानीय टेलिफोनको दरभन्दा फरक हुनसक्छ र टेलिफोन सेवा प्रदायक पिच्छे फरक पर्न सक्छ । तपाईंको घरको फोनबाट '1800' मा गरिने टेलिफोनको शुल्क लाग्दैन । मोबाइल फोन तथा सार्वजनिक फोनबाट टेलिफोन गर्दा टेलिफोन गरेको समय अनुसार रकम बढी लाग्न सक्छ ।

## अस्वीकृति

यो प्रकाशनमा समावेश सूचना भुक्तानी तथा सेवाहरूको दिशा निर्देशको प्रयोजनको लागि मात्र हो । तपाईं कुनै भुक्तानीको लागि आवेदन दिन चाहनुहुन्छ वा हुन्न वा कुनै विशेष परिस्थिति सम्बन्धमा आवेदन दिन चाहनुहुन्छ वा हुन्न भन्ने कुराको निर्णय गर्ने उत्तरदायित्व तपाईंको हो ।

# When you will get your first payment

When you claim a payment from us, you may not get paid straight away.

The time you have to wait is called a waiting period. There are different types of waiting periods depending on your situation and which payment you are claiming.

If you arrived in Australia on an Australian permanent refugee or humanitarian visa, you do not have to wait to claim payments. You can claim immediately.

Our family payments, such as Family Tax Benefit, Child Care Subsidy, Additional Child Care Subsidy, Parental Leave Pay, Dad and Partner Pay and Double Orphan Pension do not have waiting periods. You can claim straight away. You need to meet certain rules to be paid.

## Waiting period if you recently arrived in Australia

If you recently arrived in Australia as an Australian resident, you have to wait 104 weeks before you can get most of our payments and other benefits. This is called the newly arrived resident's waiting period.

You must apply for and be granted an Australian permanent resident visa. The waiting period generally starts from the date your permanent resident visa starts, not from when you arrived in Australia.

If you have lived in a country that has a social security agreement with Australia, you may use this agreement to be eligible for:

- Age Pension
- Disability Support Pension, or
- Carer Payment

To find out if your country has an agreement with us go to **humanservices.gov.au/issa**

### Why you may not have to wait

You may be exempt from waiting if you:

- are an Australian citizen
- hold a certain visa subclass, or
- are the family member of a refugee or humanitarian migrant.

## One week waiting period

You may need to wait one week for your payments to start if you are claiming:

- Newstart Allowance
- Parenting Payment
- Youth Allowance, or
- Sickness Allowance.

This is called an ordinary waiting period.

**Why you may not have to wait**
You may be exempt from waiting if you:

- reclaim within 13 weeks of getting a payment from us or a Department of Veterans' Affairs Service Pension, or
- have been identified as having significant barriers to finding work

We may waive this waiting period if you are in severe financial hardship because of a personal crisis that happened in the past four weeks. We may need evidence.

## Waiting period if you have savings or other money

If you or your partner have savings or other money over a certain limit, you may have to wait to get your payment. This includes money your employer owes you. We will let you know how long you have to wait when you submit your claim.

This is called the liquid assets waiting period. It applies if you have funds equal to or more than:

- $5 500 if you are single with no dependants, or
- $11 000 if you have a partner, or you are single with dependent children.

This applies for the following payments:

- Newstart Allowance
- Sickness Allowance
- Youth Allowance, and
- Austudy.

**Why you may not have to wait**
You may be exempt from waiting if you:

- or your partner have served this waiting period in the last 12 months
- transfer from one payment to another within 14 days
- qualified for Newstart Allowance after getting another payment
- are:
  - in a rehabilitation program
  - doing a Stream C activity with your jobactive provider, or
  - doing an activity as part of the Community Development Programme.

We may waive this waiting period if you are in severe financial hardship because of unavoidable or reasonable expenses. We may need evidence.

## Waiting period if you got a lump sum payment when you finished work

If your employer paid you a lump sum such as sick leave, annual leave or a redundancy, when you left your job, you may have to wait before you can get a payment from us. This is called an income maintenance period.

The length of time you have to wait depends on the amount you or your partner got paid when you finished work.

This applies for the following payments:
- Austudy
- Disability Support Pension, except if you are permanently blind
- Newstart Allowance
- Parenting Payment
- Sickness Allowance
- Widow Allowance
- Youth Allowance (other)

**Why you may not have to wait**
We may reduce or waive the waiting time if you are in severe financial hardship. This could be because you have used your final payment from your employer to pay unavoidable or reasonable expenses. We may need evidence.

## Waiting period if you recently finished seasonal or contract work

If you or your partner finished seasonal, contract or intermittent work in the six months before claiming, you may have to wait before you can get a payment from us. The length of time you have to wait depends on how much you earned and how long you were working.

This is called the seasonal work preclusion period. It applies for the following payments:
- Austudy
- Carer Payment
- Disability Support Pension, except if you are permanently blind
- Newstart Allowance
- Parenting Payment
- Partner Allowance
- Sickness Allowance
- Special Benefit, if you are a nominated visa holder
- Widow Allowance
- Youth Allowance.

Examples of seasonal, contract and intermittent work:
- fruit picking
- harvesting
- shearing
- fishing
- consultancy work, and
- work on building sites.

**Why you may not have to wait**
You may be exempt from waiting if you:
- have a job that will last more than 12 months
- have a job, other than seasonal work, where they paid you leave entitlements

- are in a rehabilitation program
- are doing a Stream C activity with your jobactive provider, or
- are doing an activity as part of the Community Development Programme.

We may waive this waiting period if you are in severe financial hardship.

### Waiting period if you chose to leave your job or lost it due to misconduct

If you chose to leave your job or lost it due to misconduct, you may need to wait eight or 12 weeks before you can get a payment from us. This is called an unemployment non-payment period.

### Waiting period if you recently moved and it reduced your chances of finding work

If you moved in the six months before claiming and it reduced your chances of getting a job you may have to wait 26 weeks.

The moving to an area of lower employment prospects non-payment period applies to:

- Newstart Allowance
- Youth Allowance (other), and
- Special Benefit as a nominated visa holder

To decide if you have to wait, we compare factors at your old and new addresses, including:

- size of labour markets, and
- unemployment rates

### Waiting period if you have had a compensation payment

If you have had a lump sum compensation payment you may have to wait to get a Centrelink payment. This is called a compensation preclusion period. It applies for most of our payments.

How long you have to wait will depend on how much your compensation payment was.

## For more information

- go to **humanservices.gov.au** and search for 'waiting periods' for more information in English
- go to **humanservices.gov.au/yourlanguage** where you can read, listen to or watch videos with information in your languages
- call **131 202** to speak with us in your language about Centrelink payments and services
- call the Translating and Interpreting Service (TIS National) on **131 450** to speak with us in your language about Medicare and Child Support payments and services
- visit a service centre.

Note: calls from your home phone to ‘13’ numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to ‘1800’ numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It is your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.